# जनवादी गणतन्त्र चीन र नेपाल अधिराज्य

# को

# बीच भएको सिमानाको सन्धिपत्र

जनवादी गणतन्त्र चीनका राष्ट्रपति तथा नेपाल अधिराज्यका श्री ५ महाराजाधिराजबाट

चीन र नेपालको सिमाना सम्बन्धि प्रश्नको औपचारिक समाधान दुई देशको जनताका मौलिक हितको निम्ति हो भन्ने कुरामा मतैक्य भएको हुनाले,

दुई देशको बीच कूटनैतिक सम्बन्ध स्थापना भएदेखि दुई देशको बीचको लामो मैत्रीपूर्ण सम्बन्ध उत्तरोत्तर वृद्धि हुंदै गएकोछ, तथा दुबै पक्षले शान्तिपूर्ण सह-अस्तित्वको पांच सिद्धान्तको आधारमा एवं न्याय, औचित्य, आपसी ज्ञान र आपसी सहयोगको भावनामा दुई देशको सिमाना सम्बन्धि प्रश्न मैत्रीपूर्ण छलफल द्वारा निर्विघ्नतापूर्वक संपूर्णतया समाधान गरेको छ भनी संतोषपूर्वक अवगत गरिएको हुनाले,

दुई देशको बीचको संपूर्ण सिमानाको औपचारिक रेखांकनले र शान्ति एवं मैत्रीको सिमानाको रूपमा यसको दृढीकरणले चीन र नेपालको मैत्रीपूर्ण सम्बन्ध झन बलियो गर्ने स्तंभको मात्र काम गर्दैन कि यी कार्य एशियामा र विश्वमा शान्ति प्रबल बनाउने दिशातर्फ एक देन पनि हुन् भन्ने दृढ विश्वास भएको हुनाले,

यो उद्देश्य पूर्तिको लागी जनवादी गणतन्त्र चीन सरकार र श्री ५ को सरकार नेपालको बीच सीमा सम्बन्धि बिषयमा भएको मार्च २१,१९६० को संझौताको आधारमा वर्तमान सन्धिपत्र गर्ने संकल्प गरी देहाए बमोजिम गर्न मंजूर गर्दछन् ।

## दफा एक

सन्धिपत्र गर्ने दुबै पक्षले, परंपरागत प्रचलित सीमारेखाको आधार मानेर, तथा संयुक्त रूपमा आवश्यक स्थानीय निरीक्षण एवं सर्वेक्षण सम्पन्न गरेर समानता, आपसी हित, मित्रता र आपसी सहयोगको सिद्धान्तको आधारमा कुनै हेरफेर गरी पश्चिमदेखि पूर्वतक संपूर्ण सिमानाको देहाएको रेखांकनलाई मंजूर गरेका छन्। रेखाको उत्तरतर्फ चीनिया क्षेत्र र दक्षिण तर्फ नेपाली क्षेत्र हुनेछ ।

(१) चीन नेपाल सीमारेखा काली नदी र टिंकर नदीको पानी ढलो तथा मापचू (कर्णाली) नदीका सहायक नदीहरू र टिंकर नदीको पानी ढलो सम्मिलित भएको स्थानबाट प्रारंभ हुन्छ, त्यहांबाट यो दक्षिण पूर्वतर्फ मापचू (कर्णाली) नदीका सहायक नदीहरू तथा टिंकर नदी र सेती नदीका पानी ढलो हुंदै न्यूमाचिसा (लिपुधुरा) हिमालको श्रृंखला र टिंकरलिपु (लिपुधुरा) भंज्याङबाट गुज्री पेल्हिन (उराई) भंज्याङतक जान्छ ।

(२) पेल्हिन (उराई) भंज्याङबाट सीमारेखा दक्षिण पूर्वतर्फ करीब ५०० मिटरतक पहाडी श्रृंखला भै गुज्रन्छ, त्यसपछि ५६५५ मिटरको उचाई तक उत्तर पूर्वतर्फ जान्छ, त्यहांबाट उत्तर पश्चिम तर्फ पहाडी श्रृंखला हुंदै टोजाङ (ठाडो ढुङ्गा टुप्पा) तक क्रमशः जान्छ, त्यसपछि उत्तर पूर्वतर्फ ५५८०·६ मिटरको उचाईबाट गुज्रदै चिमाला भंज्याङतक जान्छ, त्यहांबाट यो चिमाला हुंदै लुङ मोचेको (नुमोचे टुप्पा) तक साधारणत: उत्तर पश्चिम तर्फ जान्छ,

त्यहाँबाट सीमारेखा पेमोवोटुङ्को (किटको टुप्पा) बाट गुज्री साधारणतः पूर्वतर्फ जान्छ र त्यसपछि थोकरटुङ (किटको) पहाडको धार हुँदै तलतिर चिलुंपा (यादांग्रे) खोलातक झर्छ, त्यसपछि यो चिलुंपा (यादांग्रे) खोलै खोला गुज्री उत्तरतर्फ यसको मापचू (कर्णाली) नदीसितको दोभानतक जान्छ, त्यसपछि यो मापचू (कर्णाली) नदीको खोलै खोला गुज्री युशा (हिल्सा) तक साधारणतः पूर्व तर्फ जान्छ। युशा (हिल्सा) मा सीमारेखा मापचू (कर्णाली) नदीबाट पृथक् हुन्छ र उत्तर पूर्वतर्फ पहाडको धारबाट गुज्रदै चियालोसा (टाकुले) तक जान्छ, त्यसपछि कुमालाट्से (कुमालापचे) कांगपाउबेको (धान बोछेको) र मैनिपेमिको (मानेपामंगो) बाट गुज्री कांगकोना (कांगर्जे) तक पहाडी श्रृंखला भै जान्छ, त्यसपछि कांगचुपेङ (काण्डुम्बु) र ६५५० मिटरको उचाईबाट गुज्री नालाकंकरतक उत्तर तर्फ जान्छ।

(३) नालाकंकरबाट सीमारेखा मानसरोवरमा बग्ने सहायक नदीहरू तथा हुम्ला कर्णाली नदीका सहायक नदीहरूको पानी ढलो हुँदै नालाकंकर भंज्याङबाट गुज्री लाट्सेला (लाप्चे) भंज्याङतक साधारणतः उत्तरपूर्व तर्फ जान्छ, त्यहाँबाट यो मानसरोवरमा बग्ने सहायक नदीहरू र माचुम्रान नदीका सहायक नदीहरू तथा हुम्ला कर्णाली नदी, मुगु कर्णाली नदी र पांजाङ खोलाका सहायक नदीहरूका पानी ढलो हुँदै चाङ्ला पहाड, नाम्जा भंज्याङ, खुङ (थौ) भंज्याङ र मारिम भंज्याङबाट गुज्री पिन्दु भंज्याङतक साधारणतः दक्षिणपूर्व तर्फ जान्छ, त्यसपछि यो दक्षिण पूर्वतर्फ माचुम्रान नदीका सहायक नदीहरू तथा बार्बुङ नदी र काली गण्डकी नदीका सहायक नदीहरूको पानी ढलो हुँदै ६२१४.१ मिटरको उचाईतक उत्तर पूर्वतर्फ क्रमशः मोडिदै जान्छ।

(४) ६२१४.१ मिटरको उचाईबाट सीमारेखा उत्तर पूर्वतर्फ पहाडको धार हुँदै ५०२५ मिटरको उचाईबाट गुज्री तथा म्रांगारचुवो (म्रांगारछु) खोलाबाट पार हुँदै ५०२६ मिटरको उचाईतक जान्छ, त्यहांबाट यो टुचु (थुक्चू) पहाडको धार हुँदै ४७३० मिटरको उचाई र वुंगला (पांगल्हाम) बाट गुज्री टिङ्म्लीलिभोढो ढिस्कोको उत्तर पश्चिमको हदको फेदितक साधारणतः पूर्वतर्फ जान्छ, त्यसपछि उत्तर पूर्वतर्फ मोडिन्छ र रोमाचुस्वी (ह्मारछुसु) बर्षे खोलाको दक्षिण किनारबाट गुज्री टिङ्म्लीभोढो ढिस्कोको उत्तर पूर्वको हदको फेदितक जान्छ, त्यहांबाट दक्षिण पूर्वतर्फ मोडिन्छ, उत्तरतर्फ बग्ने दुइ बर्षे खोलाहरूको दोभान पार गर्छ र उत्तर तर्फ बग्ने तीन बर्षे खोलाहरूको दोभान तक जान्छ र त्यसपछि उपर्युक्त तीन बर्षे खोलाहरूको पूर्विय खोलै खोला उक्ली ४६६७.६ मिटरको उचाईतक जान्छ, त्यसपछि बर्षे खोला पार गरी ४६०५.८ मिटरको उचाईतक दक्षिण पश्चिम तर्फ मोडिन्छ, त्यहांबाट यो पेंग पेंगला (फुंफुला) बाट र त्यसपछि ४६७६.६ मिटरको उचाई र ४७५४.६ मिटरको उचाईबाट गुज्री ४७९८.६ मिटरको उचाईतक चुकोमाबोरी (छुको मापोज) पहाडी श्रृंखला हुंदै साधारणतः दक्षिण पूर्वतर्फ जान्छ, त्यहांबाट सिथाबालाबाट गुज्री उत्तर पूर्वतर्फ पहाडी श्रृंखला हुंदै जान्छ, त्यसपछि ५०४४.१ मिटरको उचाईबाट गुज्री चाक्लोतक साधारणतः पूर्वतर्फ जान्छ।

(५) चाक्लोबाट सीमारेखा यालु साङ्पो नदीका सहायक नदीहरू तथा काली गण्डकी नदीका सहायक नदीहरूको पानी ढलो हुंदै ६७२४ मिटरको उचाईबाट गुज्री लुगुला भंज्याङतक साधारणतः दक्षिणतर्फ जान्छ, त्यहांबाट यो लुगुला हिमाल एवं यालुसाङ्पो नदीका सहायक नदीहरू तथा मर्स्याङ्दी नदीका सहायक नदीहरूको पानी ढलो हुंदै म्या (म्याला) भंज्याङतक साधारणतः पूर्वतर्फ जान्छ।

(६) म्या (म्याला) भज्याङबाट सीमारेखा पहाडी श्रृंखला हुंदै ५७८२ मिटरको उचाई तक पूर्वतर्फ जान्छ, त्यसपछि लाजिङ भंन्ज्याङ तक दक्षिण पूर्वतर्फ जान्छ, त्यसपछि यो लाजिङ पहाडको श्रृंखला हुंदै ५४४२ मिटरको

उचाई र लाचोङ (लाज्युङ्ग) भंज्याङबाट गुज्री ५२३६ मिटरको उचाईतक जान्छ, त्यसपछि साम्डो हिमालतक दक्षिण पश्चिमतर्फ मोडिन्छ, त्यहांबाट साधारणतः दक्षिण पूर्वतर्फ जान्छ र क्रमशः ६१३६ मिटरको उचाईबाट गुज्री ५४६४ मिटरको उचाईतक लाजिङ पहाडको श्रृंखला हुंदै जान्छ र त्यसपछि डोगार (तोम) नदी सीधा पार गरी ५७२४ मिटरको उचाईतक जान्छ, त्यहांबाट सीमारेखा साधारणतः उत्तर पूर्वतर्फ हिमालयको श्रृंखला हुंदै ६०१० मिटरको उचाई, ५३६० मिटरको उचाई, र ५६७२ मिटरको उचाईबाट गुज्री थाप्ले भंज्याङतक जान्छ ।

(७) थाप्ले भंज्याङबाट सीमारेखा पहाडी श्रृंखला हुंदै सारीयाङकांग हिमाल बाट गुज्री खोजानतक साधारणतः उत्तर पूर्वतर्फ जान्छ, त्यहांबाट यो हिमालयको श्रृंखला हुंदै मैलाट्साचिङ भंज्याङ, पाशुवो हिमाल र लाङ्पो हिमाल बाट गुज्री यांग्रेन कांग्री (यांग्रा) हिमालतक साधारणतः दक्षिण तर्फ जान्छ ।

(८) यांग्रेन कांग्री (यांग्रा) हिमालयबाट सीमारेखा दक्षिणतर्फ पहाडी श्रृंखला हुंदै सालासुंगोतक जान्छ र त्यसपछि साधारणतः पूर्वतर्फ र त्यसपछि उत्तर पूर्वतर्फ सुल्खा खोलाको धारबाट गुज्रन्छ र सांजिङ (सांजेन) नदीतक पुग्न जिरापो (केरावास) हुंदै गुज्रन्छ, त्यसपछि त्यस खोलै खोला गुज्री दक्षिण पूर्वतर्फ त्यस नदी र चांसे (भ्रांगे) नदीको दोभानबाट गुज्रन्छ र सांजिङ (सांजेन) नदीको खोलैखोला गुज्री गेंजुम्मा (पाङ्शुङ) खर्कको दक्षिण तर्फ र छहरे खर्कको उत्तर तर्फको सानु पहाडको धार सांजिङ (सांजेन) नदी सित सम्मिलित हुने स्थानतक जान्छ, र त्यसपछि यो उक्त सानु पहाडको धारबाट गुज्री पूर्वतर्फ जान्छ, र त्यसपछि ४६५६.४ मिटरको उचाईतक दक्षिण पूर्वतर्फ जान्छ र त्यसपछि कालो टुप्पातक पूर्वतर्फ जान्छ, त्यहांबाट यो भुर्लुङ खोला र टांगसियाका (खेसाधाङ) खोलाको दोभानतक पहाडी श्रृंखलाबाट गुज्रन्छ, त्यसपछि भुर्लुङ खोलै खोला गुज्री यसको र केरुङ खोलाको दोभानतक पूर्वतर्फ जान्छ, त्यहांबाट दक्षिणतर्फ र त्यसपछि पूर्व तर्फ केरुङ खोलै खोला गुज्री यसको र टुङलिङसाङ्पो (लेण्डे) खोलाको दोभानतक जान्छ, त्यसपछि रसुवा पूलबाट गुज्री टुङ लिङ साङ पो (लेण्डे) खोला उक्ली टुङ लिङ साङ पो (लेण्डे) र गोवासियाचू (जम्बु) खोलाको दोभान तक उत्तर पूर्वतर्फ जान्छ, र त्यसपछि गोवासियाचू (जम्बु) खोलै खोला उक्ली उपल्लो गोवासियाचू (जम्बु) खोलाका दुई सहायक नदीहरू चुसुम्डो साङ्पो नदी र फुरीफुसाङ्पो नदीको दोभानबाट गुज्री चुसुम्डोमा रहेको सीमास्तंभको स्थान तक पुग्न पूर्वतर्फ मोडिन्छ ।

(९) चुसुम्डोमा रहेको सीमास्तंभको स्थानबाट सीमारेखा साधारणतः दक्षिण पूर्वतर्फ सोगाकांग्री (सेतो पोखरी-को) हिमाल, लाङटाङ हिमाल, दोर्ले पहाड र गुलिन्चिन् (फुर्बोच्याचु) पहाडको श्रृंखलाबाट गुज्री चकेसुमु (खराने) पहाडतक जान्छ, त्यहांबाट चांगनिवाचु (खराने) खोलातक झर्छ र त्यसपछि त्यो खोलै खोला गुज्री दक्षिण तर्फ यसको र भोचू (भोटेकोशी) नदीको दोभानतक जान्छ, र त्यसपछि दक्षिणतर्फ भोचू (भोटेकोशी) नदी खोलै खोला गुज्री दलैमा (भैंसे) पूलबाट गुज्री भोचु (भोटेकोशी) नदी र जुन्चु (जुम) नदीको दोभानतक जान्छ, त्यहां-बाट पूर्वतर्फ जुन्चू (जुम) खोलै खोला उक्ली साजे पहाड (जुम खोलाको शिरको टुप्पा) तक जान्छ, त्यहांबाट सीमा रेखा साधारणतः उत्तर तर्फ चोमो पामरी (६२०८.८ मिटरको उचाई) तक पहाडी श्रृंखलाबाट गुज्रन्छ ।

(१०) चोमो पामरी (६२०८.८ मिटरको उचाई) बाट सीमारेखा साधारणतः उत्तर तर्फ पहाडी श्रृंखलाबाट गुज्री ५६१४.८ मिटरको उचाई तक जान्छ, त्यसपछि साधारणतः उत्तर पूर्वतर्फ सोन्डेमोकांग्री (सुदेमो) हिमाल हुंदै ५१४८ मिटरको उचाईबाट गुज्रन्छ र त्यसपछि सोण्डेमोचु (सुङ्गदेमु) खोलाका दुइटा सहायक नदीहरू पार गरी उक्त दुई सहायक नदीहरूको मध्यमा रहेको सोन्डेमो (सुदेमो) बाट गुज्री ग्यान बयान तक जान्छ त्यसपछि यो ग्यान बयान पहाडी श्रृंखला हुंदै तलतिर झरी पिनमू साङ्पो (लापृचे नदीको पश्चिमी सहायक नदी) पार गर्छ,

त्यसपछि सेवोवोरी (कोर्लाङ पारीको टिप्पा) मा ५३७०.५ मिटरको उचाई तक पहाडी श्रृंखला हुंदै जान्छ, त्यहां बाट सीमारेखा दक्षिण पूर्वतर्फ पहाडी श्रृंखला हुंदै तलतिर मोडिन्छ, लापृचे खुङ साङ्पो (लापृचे नदीको पूर्विय सहायक नदी) पार गर्छ, त्यसपछि यो ५३१७.२ मिटरको उचाईतक पिदिन कांग्री (बिदिन) हिमालको श्रृंखला हुँदै गुज्रन्छ, त्यहांबाट सीमारेखा पश्चिमतर्फ पहाडी श्रृंखलाबाट गुज्री कावोवोरी (रालिङ) मा ५४४४.२ मिटरको उचाईतक मोडिन्छ, त्यसपछि साधारणत : दक्षिण तर्फ रासुमकुंपो (रीसीङ्गुंबो) पहाड को श्रृंखलाबाट गुज्री नेल्हू (न्यूले) पूलतक जान्छ ।

(११) नेल्हू (न्यूले) पूलबाट सीमारेखा चेजेन्मा (गौरीशंकर) तक साधारणत: पूर्वतर्फ जान्छ, र त्यसपछि पूर्व तर्फ पहाडी श्रृंखला हुंदै जान्छ र त्यसपछि उत्तर तर्फ रोङ्स्यार नदी र रोङबुक नदी तथा दुधकोशी नदीका सहायक नदीहरूको पानी ढलोबाट गुज्री नाङ्पा भंज्याङतक जान्छ र त्यसपछि साधारणत: दक्षिण पूर्वतर्फ पहाडी श्रृंखला हुंदै चोओयु पहाड, पुमोलि पहाड (निरेलंगुर), झोल्मोलुङ्मा (सगरमाथा) र ल्होत्से बाट गुज्री मकालु पहाडतक जान्छ, त्यसपछि दक्षिण पूर्वतर्फ जान्छ र त्यसपछि पूर्वतर्फ पहाडी श्रृंखला हुंदै पोप्टी भंज्याङतक जान्छ।

(१२) पोप्टी भंज्याङबाट सीमारेखा पहाडी श्रृंखला हुंदै पूर्वतर्फ सागाला (केपुडांडा) बाट गुज्री खाराला (खाडेडांडा) तक जान्छ र त्यसपछि साधारणत: उत्तर पूर्वतर्फ लानापो (ल्हानाकपू) र चेवुम (छिपुङ) बाट गुज्री सुन्चुन्चु (सुम्जुङ) नदीको शिरतक जान्छ, त्यसपछि यो सुन्चुन्चु (सुम्जुङ) खोलै खोला गुज्री यसको र किमाथाङका बाट चेण्टाङतक गएको गोरेटोको दोभानतक जान्छ, त्यसपछि यो गोरेटोबाट गुज्री कर्मा साङ्पो (कामा) नदीको पूलतक जान्छ, त्यहांबाट यो साधारणत : दक्षिण पूर्वतर्फ कर्मा साङ्पो (कामा) नदीको खोलै खोला गुज्री यसको र पेन्चू (अरूण) नदीको दोभानबाट गुज्रन्छ र त्यसपछि पेन्चू (अरूण) नदीको खोलै खोला गुज्री यसको र नादाङ नदीको दोभानतक जान्छ, त्यसपछि यो पश्चिमतर्फ पेन्चू (अरूण) नदीको खोलै खोला क्रमश: गुज्री यसको र सोकाङचिङ्पो (छोकाङ) नदीको दोमान तक जान्छ, त्यसपछि सीमा रेखा पेन्चू (अरूण) नदीबाट पृथक हुन्छ र साधारणत : पूर्वतर्फ पहाडी धार हुंदै आङ्लाङे र दलाई (ताले) भंज्याङबाट गुज्री दलाईला (ताले) पहाडतक जान्छ र त्यसपछि पहाडी श्रृंखला हुंदै जुङकान (ढुकान) केजुङकान (खाचुन्खा), रेन्लाङगबु (रेलिन्दु) र सुलुलाबाट गुज्री रागला (राखा) भंज्याङतक जान्छ ।

(१३) रागला (राखा) भन्ज्याङबाट सीमारेखा साधारणत : पूर्वतर्फ नादाङ . नदी र यारू नदीका सहायक नदी-हरूको तथा तमोर नदीका सहायक नदीहरूको पानी ढलो हुंदै ओम्बोला (उम्बक) भन्ज्याङ . थेपुताला (टिपृताला) भंज्याङ, यांङ्मा खाङ्ला (कांग्ला) भंज्याङ र चाबुकलाबाट गुज्री अन्तिम हदको स्थान, खार नदी तथा चाबुक नदीको पानी ढलो र खार नदी र ल्होनाक नदीको पानी ढलो सम्मिलित हुने स्थानतक जान्छ ।

यस दफामा वर्णन गरिए अनुसारको दुई देशको बीचको संपूर्ण सीमा रेखांकन वर्तमान सन्धिपत्रमा संलग्न गरिएको १ : ५,००,००० को संपूर्ण सिमानाको नक्सामा अंकित गरिएको छ, दुवै पक्षबाट स्थापना गरिएको अस्थायी सीमा स्तंभहरूको स्थापन तथा सिमानाको खास इलाकाको पूर्ण विवरण युक्त रेखांकन वर्तमान सन्धिपत्रमा संलग्न गरिएको १ : ५०,००० को ती इलाकाहरूको नक्सामा अंकित गरिएकोछ ।

## दफा दुई

सन्धिपत्र गर्ने दुवै पक्षले सीमारेखा नदीबाट गुज्रिदा मध्य धार रेखा सिमाना हुनेछ भनी मंजुर गरिएको छ ।

सीमा नदीले आफ्नो बाटो बदलेको खण्डमा दुबै पक्षको बीच अर्को संझौता नभएमा सिमानाको मौलिक रेखा यथा-स्थित रहने छ।

दफा तीन

वर्तमान सन्धिपत्रमा हस्ताक्षर सम्पन्न भएपछि दुई देशको सिमाना सम्बन्धि विषयमा दुई पक्षको बीच भएको मार्च २१,१९६० को संझौता अनुसार गठित चीन नेपाल संयुक्त सीमा कमिटीले दुबै देशको सीमारेखामा आवश्यकता-नुसार स्थायी सीमा-स्तंभहरू स्थापना गर्ने छ र त्यसपछि सीमारेखा र स्थायी सीमास्तंभहरूको स्थापन देखाइएको पूर्ण बिवरण युक्त नक्सा संलग्न गरिएको संपूर्ण सीमारेखाको पूर्ण रेखांकन तथा स्थायी सीमा-स्तंभहरूको स्थापन को वर्णन युक्त मूल-लिपिको मसौदा गर्ने छ। उपर्युक्त मूल-लिपि दुई देशका सरकारहरू द्वारा हस्ताक्षर भएपछि वर्तमान सन्धिपत्रको परिशिष्ट हुने छ तथा पूर्ण बिवरण युक्त नक्सा वर्तमान सन्धिपत्रमा संलग्न गरिएको नक्साहरूको स्थानमा राखिने छ।

उपर्युक्त मूल-लिपिमा हस्ताक्षर भएपछि चीन नेपाल संयुक्त सीमा कमिटीको कर्तव्य अन्त हुनेछ, तथा दुबै पक्षको-बीच दुई देशको सिमाना सम्बन्धि विषयमा भएको मार्च २१,१९६० को संझौता लागु हुन छोड्ने छ।

दफा चार


सन्धिपत्र गर्ने दुबै पक्षले दुई देशको बीचको सिमानाको औपचारिक रेखांकनको पश्चात सीमा-सम्बन्धमा उत्पन्न हुने कुनै पनि विवाद दुबै पक्ष द्वारा मैत्री-पूर्ण छलफलबाट समाधान गरिने छन् भनी मंजूर गरिएको छ।

दफा पांच

वर्तमान सन्धि पत्र हस्ताक्षर भएको दिन देखि लागू हुने छ।

मुकाम पेकिंग विक्रम सम्बत् २०१८ साल अश्विन १८ गतेरोज ५ तदनुसार इस्वी सन् १९६१ अक्टोबर ५ तारिखका दिन चीनिया, नेपाली र अंग्रेजी भाषामा प्रत्येकको दुई दुई कापीमा सबै बराबर किसिमले प्रमाणित हुने गरी यो सन्धिपत्रमा हस्ताक्षर गरियो।

刘少奇



जनवादी गणतन्त्र चीनका राष्ट्रपति

नेपाल अधिराज्यका श्री ५ महाराजाधिराज